सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल, काठमाडौं
फोन नं : ०१-४२५९६०२
फ्याक्स : ०१-४२४८२५१
Web: www.supremecourt.gov.np
Email: jed@supremecourt.gov.np

प स ०७६।७७
च न ३३

मिति २०७६।४।०५

विषयः- **लगत अभिलेख व्यवस्थापन सम्वन्धमा ।**

श्री सवै जिल्ला अदालतहरु,

उपरोक्त सम्वन्धमा हाल मूलुकी अपराध संहिता, २०७४, मूलुकी फौजदारी कार्यविधि संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ र फैसला कार्यान्वयन निर्देशिका, २०७५, लागु भई कार्यान्वयनको रुपमा रहेको तथ्य सवैमा विदितै छ । मूलुकी फौजदारी कार्यविधि संहिता, २०७४, को दफा १५१ को उपदफा (१) वा (२) बमोजिम खडा भएको लगत सोही संहिताको दफा १६०(१) अनुसार कारण खुलाई कट्टा गर्ने कानुनी व्यवस्था रहेको सन्दर्भमा हाल न्यायपालिकाको चौथो पञ्चबर्षीय रणनीतिक योजना (२०७६।७७-०८०।८१) तयार भई यसै महिना देखि लागु भई कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको छ । चौथो पञ्चबर्षीय रणनीतिक योजनाको रणनीतिक उद्देश्य १.५ मा फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने भन्ने उल्लेख भएको परिप्रेक्ष्यमा देहाय बमोजिमको कार्य गर्नु गराउनु होलाः

१. रणनीतिक उद्देश्य १.५ (ख) मिति २०७६।०७७ सम्ममा, मिति बि.सं.२०३५ साल सम्मका सवै वक्यौता, दण्ड, जरिवाना र सरकारी विगो असुल गर्ने गराउने साथै सो को विवरण फैसला कार्यान्वयन निर्देशनालयमा यथाशिघ्र पठाउने।
२. रणनीतिक उद्देश्य १.५ (घ) फैसला अनुसार तिर्नु पर्ने क्षतिपुर्तिको लगत र फर्छौटको छुट्टै अभिलेख राख्ने व्यवस्था गर्ने गराउने ।
३. फौजदारी कार्यविधि संहिताको दफा १६० (१), (२) र फैसला कार्यान्वयन निर्देशिका, २०७५ को दफा ३३(३) समेतलाई मध्यनजर गरी कट्टा हुने लगत मूल लगत कितावबाट कट्टा गरी छुट्टै अभिलेख राख्ने ।
४. मुद्दा अन्तिम भई कार्यान्वयन गर्न मिल्ने र मुद्दा अन्तिम भई नसकेको कारणले कार्यान्वयन गर्न नमिल्ने अवस्थाका दण्ड, जरिवाना र सरकारी बिगोको अलग अलग अभिलेख राखी अध्यावधिक गर्ने ।
५. जिल्ला अदालत नियमावली, २०७५को नियम ८६(७) बमोजिम प्रति महिना कैदको रु १५० का दरले हुन आउने रकम हिसाव गरी प्रोत्साहन वापत बुझाउन बाँकी नपुग रकम के कति रहेको छ सो को जानकारी यथासिघ्र यस निर्देशनालयमा आईपुग्ने गरी ईमेल मार्फत पठाउने ।

६. निवेदक पेम्वा गुरुङ विरुद्ध नेपाल सरकार समेत भएको रिट नं 075-WH-0050 को बन्दिप्रत्यक्षीकरण रिटमा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७५।१०।०१ मा जारी भएको निर्देशनात्मक आदेश अनुसार कारागार ऐन, २०१९ को दफा १८ को अधिकार प्रयोग गरी आफ्नो क्षेत्र भित्र रहेका कारागारमा निरिक्षण गरी जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१) अनुसार कैद छुट दिन सक्ने उमेर हद, शारिरीक एवं मानसिक अवस्था तथा कसुरको प्रकृतिलाई हेरी तत्कालै छोड्न आदेश दिनु पर्ने लागेमा छुटको प्रतिशत कायम गरी छुट दिनु पर्ने भए आवश्यक निर्णय लिनु ..............

गजेन्द्रबहादुर सिंह
महानिर्देशक

<u>वोधार्थः</u>

श्री सम्माननीय प्रधान न्यायाधीश ज्यूको निजी सचिवालय
सर्वोच्च अदालत, काठमाण्डौ।